VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)



सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति






वर्ष - १८, अंक - २१५ | वि.सं. २०७४, असोज २८ गते | गान्तोक, शुक्रवार १३ अक्टोबर, २०१७ | www.hamroprajashakti.com | OCTOBER 13, 2017, FRIDAY, GANGTOK | मूल्य ₹ ५/-


## ३० अक्टोबरमा खुल्ला मैदानमा ओर्लिने विमलको घोषणा

# मर्नपरे जनताकै अघि मर्न तयार छु: गुरुङ

### केन्द्रको हाईलेबल कमिटीलाई स्वागत



**दार्जीलिङ, १२ अक्टोबर।** आन्दोलन, बन्द अनि वार्ताहरूको माखे साङ्लोमा जेलिएको गोर्खाल्याण्डको मागमा १०४ दिनको बन्द अनि आन्दोलनपछि सामान्य बन्दैगरेको अवस्थामा आन्दोलनलाई हाँकेर लाने सारथीले अब लुकेर होइन खुल्ला रूपमा मैदानमा आएर आन्दोलनलाई अघि बढ़ाउने निर्णय गरेका छन्। लामो समयदेखि बनवास जीवन बिताइरहेका गोजमुमो अध्यक्ष विमल गुरुङले आउँदो ३० अक्टोबर आफू जनतासमक्ष आउने घोषणा गरेका छन्। बंगाल सरकारले पटक पटक विमल गुरुङलाई खोज्दा पनि सरकारले कहिल्यै यो सफलता प्राप्त गर्न सकेन। यद्यपि, गोजमुमो प्रमुख विमल गुरुङले आज एउटा अडियो क्लिप सार्वजनिक गर्दै जनताले आफूलाई बोलाइरहेको र गोर्खाल्याण्डको निम्ति अब आफू मैदानमा उत्रिने घोषणा गरेका छन्। आफू जनताको अघि आउने अनि मर्नु नै परे पनि जनताकै अघि मर्न तयार रहेको बताउँदै कुनै पनि अवस्थामा आफ्नो ईमान नबेच्ने गुरुङले दाबी गरेका छन्। जातीय अस्मिताका लागि काम गर्दै आएको र अब पनि जातीय अस्मिताकै निम्ति खुल्ला मैदानमा जनताको सामु काम गर्ने बताउँदै गुरुङले ३० अक्टोबरको दिन पहाड़-तराई-डुवर्सको जनता हजारौं-लाखौंको संख्यामा सड़कमा निस्किनुपर्ने आह्वान गरेका छन्।

अर्कोतिर, दार्जीलिङको समस्यालाई समाधान गर्न केन्द्र सरकारले हाई लेबल कमिटी गठन गर्ने निर्णय लिएकोमा गोजमुमो अध्यक्ष विमल गुरुङले स्वागत जनाएका छन्। टेलिफोनिक कुराकानीमा गुरुङले केन्द्र सरकारले हाईलेबल कमिटी गठन गर्ने र वार्ता आयोजना गरिने विषयमा आज-भोलि नै आफूहरूलाई लिखित रूपमा पत्र पठाउनसक्ने बताए। यसबारे आफूले दार्जीलिङका सांसद सुरेन्द्रजीत सिंह अहलुवालियासँग पनि कुराकानी गर्ने बताउँदै तिनले केन्द्र सरकारले दार्जीलिङ समस्याको समाधान गर्न हाई लेबल कमिटी गर्ने अनि त्यसपछि त्रिपक्षीय वार्ता

▶रहल पाता २-मा

### गोर्खाल्याण्डबारे वार्ता गर्न केन्द्रले बनायो नेगोसिएशन कमिटी

**सिलगढ़ी, १२ अक्टोबर।** केन्द्रिय गृह मन्त्रालयले गोर्खाल्याण्डबारे पश्चिम बंगालको ममता ब्यानर्जी सरकार र गोर्खा जनमुक्ति मोर्चासँग समग्र वार्ता शुरू गर्न आफ्ना अधिकारीहरू सामेल गरेर एउटा नेगोसिएशन कमिटी गठन गरेको एउटा अंग्रेजी दैनिकले केन्द्र सरकारका स्रोतहरूलाई उद्धृत गर्दै दावी गरेको छ। स्रोतहरूलाई उद्धृत गर्दै दैनिकले जनाएअनुसार केन्द्र सरकार दार्जीलिङ पहाड़ मुद्दाको स्थायी समाधान खोज्नमा बंगाल सरकारलाई सहयोग गर्न प्रतिबद्ध छ। केन्द्र सरकार दार्जीलिङ मामिलामा प्रत्यक्ष हस्तक्षेप गर्न चाहँदैन। केन्द्रिय गृह मन्त्रालयका एकजना अधिकारीलाई उद्धृत गर्दै दैनिकले जनाएअनुसार तिनीहरूले वार्ता प्रक्रिया शुरू गर्नअघि तौर तरीका र मापदण्डहरूमाथि कार्य गरिरहेका छन्।

यद्यपि गृह मन्त्रालका अधिकारीले नेगोशिएसन कमिटीको सन्दर्भ, कार्यकाल अनि मोर्चाको दुइ गुट, विमल गुरुङ र विनय तामङ-अनीत थापा समूहमध्ये कसलाई वार्ताको निम्ति डाकिनेछ, त्यसबारे केही बताएनन्। नेगोशिएसन कमिटीले राज्य सरकार र मोर्चा प्रतिनिधिसँग वार्ता गरेपछि केन्द्र सरकारसमक्ष आफ्नो सिफारिश पेश गर्ने अधिकारीले बताए। समग्र वार्ता शुरू गर्नअघि सम्बन्धित पक्षहरूमाझ केही मुद्दाहरूको समाधान हुनुपर्नेछ, अधिकारीले भने।

केन्द्रिय गृह मन्त्रालयका अर्का एकजना अधिकारीले बताएअनुसार समग्र वार्ताबारे केन्द्रीय गृहमन्त्री राजनाथ सिंहले पश्चि बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीसँग कुराकानी गर्न सक्छन्। पहाड़ मुद्दामा समग्र वार्ता शुरू गर्नअघि मुख्यमन्त्री ममता ब्यानर्जीलाई विश्वासमा लिइनेछ अनि राज्य सरकारको सहमतिमा नै बैठकको मितिबारे निर्णय लिइनेछ, अधिकारीले भने। दार्जीलिङ पहाड़ अन्तरराष्ट्रिय सीमाहरूसँग जोड़िएकोले केन्द्र

▶रहल पाता २-मा

# साहित्यकार महानन्द पौड्यालको निधन



**गान्तोक, १२ अक्टोबर।** नेपाली साहित्याकाशबाट आज एउटा तारा बिलीन भयो। नेपाली साहित्यका लब्धप्रतिष्ठित साहित्यकार महानन्द पौड्यालले आज ८६ वर्षको उमेरमा अन्तिम श्सास लिए। लामो समयदेखि बिरामी रहेका प्रतिष्ठित साहित्यकार पौड्यालले आज गान्तोकको एसटीएनएम अस्पतालमा अन्तिम श्वास लिएका हुन्। भारतीय नेपाली साहित्यको क्षेत्रलाई उर्वर बनाउनमा प्रतिष्ठित साहित्यकार महानन्द पौड्यालको विहीबार बिहान निधन भएको छ। १९ जनवरी १९३१-मा कालेबुङको बमबस्तीमा पिता खड़ानन्द र माता विष्णुकुमारी पौड्यालको कोखबाट जन्मिएका महानन्द पौड्याल कथा, निबन्धकारका साथै उनी एक चिन्तक पनि हुन्। काठमाड़ौंको त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर स्तरको शिक्षा ग्रहण गरेपछि उनले शिक्षालाई आफ्नो पेशा बनाएका थिए। साहित्यकार पौड्यालको मौलिक, अनुदित र अनुसन्धानात्मक गरेर जम्मा ११ वटा पुस्तक प्रकाशित छन् भने उनले विभिन्न साहित्यिक पत्रिकाहरूमा सम्पादनको रूपमा पनि काम गरिसकेका छन्। आफ्नो सम्पूर्ण जीवन नै साहित्य लेखनमा समर्पण गर्ने महानन्द पौड्याललाई गान्तोकमा भानु पुरस्कारद्वारा सम्मानित गरिसकिएको छ भने नाम्चीबाट शिवकुमार राई पुरस्कार, दार्जीलिङबाट नेपाली साहित्य सम्मेलन पुरस्कार, कालेबुङबाट डा. पारसमणि प्रधान पुरस्कार प्रदान गरिसकिएको छ। यसका साथै काठमाड़ौं लगायत सिक्किम, दार्जीलिङ, कालेबुङका विभिन्न संघ-संस्थाहरूले उनले समाजलाई दिएको योगदानको कदर गर्दै सम्मान गरिसकिएको छ। मूल रूपमा कथाकारको रूपमा चिनिने पौड्यालले संस्मरण पनि प्रसस्त लेखेका छन्। समाजमा यत्र-तत्र घटने घटनाक्रमहरूलाई लिएर यथार्थपरक सृजनाहरूमा आफ्नो कलम चलाउनमा खप्पिस पौड्यालको 'पाँड़े काजी', 'बुड़ा-बुड़ी', 'हवल्दार' जस्ता कथाहरू प्रख्यात छन्। साहित्यमा ठेट नेपाली शब्दको प्रयोग गर्ने विशिष्ट भाषाशैलीका जनक महानन्द पौड्याल अब यस संसारमा रहेनन्। नेपाली साहित्य जगतले आजबाट एउटा विशिष्ट कथाकार, एक निर्भिक समालोचक, एक दक्ष निबन्धकार, साहित्यिक अनुसन्धाता र एक कुशल पाठ्यपुस्तक लेखक तथा अनुवादक गुमाएको छ। उनले आफ्नो जीवनको पाँच दशक नेपाली साहित्यलाई दिइसकेका छन्।

### साहित्यकार पौड्यालको निधनमा एसडीएफद्वारा शोक प्रकट

**गान्तोक, १२ अक्टोबर।** एसडीएफ पार्टीले साहित्यकार महानन्द पौड्यालको निधनमा गहिरो समवेदना व्यक्त गरेको छ। एसडीएफ पार्टीका प्रचार सचिव चुड़ामणि मिश्रले विहीबार एउटा प्रेस बयान जारी गरी भनेका छन्, '१९३१ मा जन्मिएका साहित्यकार, पत्रकार, समालोचक शिक्षाविद अध्यापक, व्याकरणवीद तथा इतिहासकार साथै एक पुरानो र नयाँ जमानाका सुत्रधार महानन्द पौड्याल अब हामी माझ रहेनन्। उनको १२ अ्नटोबर २०१७ विहान, ८६ वर्षको उमेरमा देहावसान भएको समाचार प्राप्त भएको छ। उनको निधनले सिक्किमेली समाजलाई ठूलो क्षति भएको एसडीएफ पार्टी ठान्दछ। सामाजका कर्णधार अग्रज व्यक्तित्व स्व. पौड्यालको निधनमा एसडीएफ पार्टी गहिरो समवेदना र भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दछ। साथै उनकी पत्नी तथा नानीहरूलाई यो नियन्ताको नियम सहनसक्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दछ।'

### केन्द्रले चाँडै एउटा कमिटी दार्जीलिङ पठाउने

# सांसद र विमलहरूले श्रेय नलिए हुन्छ : विनय

**डी.के. वाइबा**
**कालेबुङ ११ अक्टोबर।**



केन्द्र सरकारलाई तीन चोटी पत्राचार गरेको कारणले नै पहाडको समस्या समाधान गर्नका निम्ति केन्द्रिय गृह मन्त्रालयले एउटा उच्च स्तरीय कमिटी गठन गरेर पहाडमा पठाउने तय गरेको जीटीए बोर्ड अफ् एडमिस्ट्रेसनका अध्यक्ष विनय तामङले दाबी गरेका छन्। बुधबार कालेबुङ आइपुगेका विनय तामाङले आज एक पत्रकार सम्मेलन आयोजना गरेर आफु मोर्चाको मुख्य संयोजक नियुक्त बन्नसाथ केन्द्रिय गृहमन्त्रालयलाई पत्राचार गरेको अनि पछि पुन: आफुले बोर्ड अफ् एडमिनिस्ट्रेशनको अध्यक्ष चुनिएपछि पत्राचार गरेकै परिणाम स्वरूप केन्द्रिय गृह मन्त्रालयले 'इन्क्वाइरी टीम' गठन गरेर दार्जीलिङ पहाडमा पठाउने तय गरेको दाबी विनय तामाङले गरेका छन्। 'केन्द्रिय गृहमन्त्रालयलाई गोजमुमो पार्टीको मुख्य संयोजक चुनिएपछि अनि बोर्ड अफ् एडमिनिस्ट्रेशनका अध्यक्ष बनेर पत्राचार गरेपछि गृहमन्त्रालयले वार्ताको बाटो खोल्दै इन्क्वाइरी टीम पठाउने भएको छ। गृहमन्त्रालयले यसबारे कुनै आधिकारिक घोषणा नगरे पनि सम्भवत: आज बेलुकी अथवा भोलिसम्ममा यो घोषणा गरिनेछ' विनय तामाङले भने। उनले केन्द्र सरकारले उक्त घोषणा गरेपछि पहाडबाट चुनाउ जितेका सांसद एसएस अहलुवालियाले श्रेय लिन खोज्ने सम्भावना रहेको बताउँदै उनले यस विषयमा कुनै श्रेय लिने अधिकार नरहेको पनि स्पष्ट पारेका छन्।

'मैले ३ सितम्बरको दिन केन्द्रिय गृहमन्त्री राजनाथ सिंहलाई पार्टीको मुख्य संयोजक बनेपछि वार्ताको पहल गर्ने माग गर्दै पहिलो पत्र लेखें। त्यसपछि बोर्ड अफ् एडमिनिस्ट्रेशनको अध्यक्ष चुनिएपछि १० अक्टोबरको दिन पुन: गृहमन्त्री राजनाथ सिंहलाई पत्रचार गरें। पत्रमा वार्ताको मागसँगै गोर्खाहरूको समस्याको समाधानको माग गरिएको छ। सोही पत्र केन्द्रिय गृहसचिवलाई पनि पठाएको थिएँ। सोही पत्रको आधारमा केन्द्रिय गृह मन्त्रालयमा बुधबार औपचारिक बैठक भयो अनि त्यहीं बैठकमा दार्जीलिङ पहाडको निम्ति एउटा इन्क्वाइरे टीम पठाउने निर्णय गरेको छ' विनय तामाङले दाबी गर्दै भने। यसबारे केन्द्रिय गृहमन्त्रालयले औपचारिक घोषणा पछिबाट गर्नसक्ने बताउँदै त्यसभन्दा अघि सांसदले आफुले काम गरेको भन्दै पत्रकार सम्मेलन गरेर श्रेय लिन सक्ने सम्भावना रहेको बताए।

'यो कुराको घोषणा केन्द्रले गरेपछि अवश्य नै सासंद अहलुवालियाले यसको श्रेय लिन खोज्नेछन्, तर उनले यहाँको सांसद भएर पनि पहाडमा १०५ दिन बन्द हुँदा एकचोटी भिजिट गरेनन्। त्यत्रो हाम्रा दाजु-भाइहरू शहीद हुँदा एउटा समवेदना सन्देश पनि पठाएनन्। उनले एउटा पत्र समेत राज्य सरकारलाई पठाउने कार्य गरेनन्। हाम्रा मानिसहरू भोकभोकै बस्दा उनी चुप

▶रहल पाता २-मा

### गोर्खाल्याण्ड मुद्दा अनि विमल गुरूङको अन्त भएको छैन : रोशन गिरी



**दार्जीलिङ, १२ अक्टोबर।** सोमवार कालेबुङबाट विनय तामङले आफूलाई व्यक्तिगत तवरमा आक्रमण गर्दै गोर्खाल्याण्ड आन्दोलन विफल हुनुमा मुख्यरूपले जिम्मावार रहेको भनी आरोप लगाएमा गोजमुमो महासचिव रोशन गिरीले खण्डन गरेका छन्। एउटा विज्ञप्ति जारी गर्दै गिरीले भने, हालमा म दिल्लीमै बसेर पनि गोर्खाल्याण्डको निम्ति कार्य गरिहेको छु अनि केन्द्रिय मन्त्री तथा भाजपाका नेताहरूसित कुराकानी गरिरहेको छु। भाजपा नेता र मन्त्रीहरूसित भएको कुराकानीहरू मैले विनय तामङसित लुकाएको कुरा झूटो हो, मैले सबै कुराकानी विनय तामङलाई पनि बताउने गरेको थिएँ, तिनले भने। विनय तामङ र अनीत थापाले राज्य सरकारसित मिलेर आफूविरूद्ध धेरै झूटा मुद्दाहरू लगाएको गिरीले आरोप लगाए।

तिनीहरूलाई पनि हामीलाई जस्तै कानूनी मुद्दाहरू लागेको छ तरै पनि तिनीहरूले पुलिसको सुरक्षा पाइरहेका छन् भने गोर्खाल्याण्डको सत्य सिपाही भएकोले हामीलाई खोजी तलास भइरहेको छ, यदि हामी पनि राज्यसित मिलेको भए खुल्ला घुम्न पाउने थियौं, तिनले भने। पहाड़बाट बाहिरै बसे पनि आफूले जातिप्रति गद्दारी नगरेको बताउँदै गिरीले जुन प्रकारले झूटा मुद्दाहरू लगाएर, धर्-पकड़ गरेर गोर्खाल्याण्डप्रेमी जनतालाई डराउने कार्य गरिरहेका छन् त्यसको विरोधमा विश्वभरिकै गोर्खाहरू एक भएर जवाफ दिनुपर्ने र गोर्खाल्याण्डको निम्ति एक भएर गद्दारहरूलाई जवाफ दिनुपर्ने बताए।

राज्य सरकारले त्रिपक्षीय वार्ता विनय तामङहरुसित बस्ने जुन बयानबाजी गरिरहेको छ त्यो बैठक गोर्खाल्याण्डका लागि नभएर जीटीएकै रिभ्यु मिटिङ मात्रै हो भन्दै मोर्चा महासचिवले जीटीएको कानूनमा नै जीटीएमा विभागहरू हस्तान्तरण गरियो-गरिएन भन्ने साथै जीटीएका अन्य विषयहरूमा चर्चा गर्न त्रिपक्षीय वार्ता गरिनुसक्ने प्रावधान रहेको बताए। त्यही रिभ्यु मीटिङलाई गोर्खाल्याण्डको त्रिपक्षीय वार्ता भनेर झूटो हल्ला फैलाइने कार्य भइरहेको छ र जनताले यस कुराको छानबीन गर्नुपर्छ, तिनले भने मुख्यमन्त्री ममता व्यानर्जीसितै मिलेर

▶रहल पाता २-मा

### पञ्चायत चुनाउ शान्तिप्रिय ढंगमा सम्पन्न गराउने विधायक चामलिङको अपील



**गान्तोक, १२ अक्टोबर:** आउँदो ग्राम पञ्चायत तथा जिल्ला पञ्चायत चुनाउको निम्ति उम्मेद्वारिता दिएका सबै उम्मेदवारहरूलाई राङगाङ-याङगाङ समष्टिका विधायक आर एन चामलिङले शुभकामना व्यक्त गरेका छन्। यसपल्टको चुनाउ शान्तिप्रिय ढङ्गमा सम्पन्न गराऔं भन्दै कोही पनि मतदाताले कसैको दबाउमा नआएर

▶रहल पाता २-मा

### गोजमुमोको गोर्खाल्याण्ड आन्दोलन कुखुराले ओथ्रा बिगारेको अण्डा : माकपा

### 'पहाड़ अशान्त बन्नुमा राज्य सरकारको हात'

**दार्जीलिङ, १२ अक्टोबर।** गोजमुमोको गोर्खाल्याण्ड आन्दोलन कुहिएको अण्डा जस्तो भएको माकपाले बताएको छ। बिहीवार शहरको जज बजारस्थित माकपा कार्यालयमा दार्जीलिङ-बिजनबारी एरिया कमिटीको सभा कृषण बहादुर शर्माको अध्यक्षतामा भयो जसमा माकपा दार्जीलिङ जिल्ला समिति सदस्य तथा एरिया कमिटीका प्रभारी के. बी. वातरलगायत अन्य वरिष्ठ नेताहरूको उपस्थिति थियो।



बैठकपछि पत्रकारहरूलाई सम्बोधन गर्दै वातरले गोजमुमोको गोर्खाल्याण्ड आन्दोलन कुखुराले बिगारेको अण्डा जस्तो मात्र भएको बताए। नेपाली भाषाप्रति बंगाल सरकारको दमन नीतिको विरोधमा उठेको आवाजले गोजमुमोको नेतृत्वमा छुट्टै राज्य गोर्खाल्याण्ड आन्दोलनको रूप धारण गऱ्यो र दार्जीलिङ पर्वतीय क्षेत्र १०४ दिन बन्द रहयो, त्यस अवधि हामीले गोजमुमोलाई आन्दोलन लेलिनको नीतिमा अघि बढ़ाउन पर्छ साथै आन्दोलन गणतान्त्रिक ढंगमा गरिनुपर्छ भनेका थियौं तर यसो हुन नसक्दा गोजमुमोको आन्दोलन चल्ला पार्न ओथ्रामा राखेको कुखुराको अण्डा बिग्रिएर कुहिएको जस्तो भएको छ, वातरले बताए। पहाड़ अशान्त बन्नुमा राज्य सरकारको मुख्य हात रहेको आरोप लगाउँदै तिनले १९६१ सालमा नै नेपाली भाषाबारे त्यस समयको राज्य सरकारले स्पष्ट गरिसकेको छ तर

▶रहल पाता २-मा

### पञ्चायत चुनाउ, आज उम्मेदवारहरुको सूची स्पष्ट हुने

**गान्तोक, १२ अक्टोबर।** आगामी ०३ नोभेम्बरको दिन प्रस्तावित रहेको पञ्चायत चुनाउका प्रतिभागि उम्मेदवारहरूको नामाङ्कन पत्र जाँच बुधबार सिच्छेस्थित जिल्ला प्रशासनिक केन्द्रमा सम्पन्न गरियो। इलेक्शन अब्जर्बर रिन्जिङ छेवाङ भोटियाको उपस्थितिमा गरिएको नामाङ्कन पत्र जाँचमा ८७ जिल्ला पञ्चायत र ४९८ वार्ड पञ्चायत उम्मेदवारहरूको नामाङ्कन जाँच गरियो। जसमा ०७ उम्मेदवारको नामाङ्कन पत्र रद्द गरियो। भोलि नामाङ्कन फिर्ता लिने अन्तिम दिन रहेको र दिउँसो तीन बजीसम्म नामाङ्कन फिर्ता लिन सकिने जानकारी आइपीआर विभागले दिएको छ। त्यसपछि, प्रतिभागि उम्मेदवारहरूलाई चुनाउ चिन्ह

▶रहल पाता २-मा

# पञ्चायत चुनाउ, एसडीएफद्वारा घोषणा पत्र सार्वजनिक



**गान्तोक, १२ अक्टोबर।** सत्तारूढ़ सिक्किम डेमोक्रेटिक फ्रण्ट (एसडीएफ) ले विहीबार पञ्चायत चुनाउको निम्ति आफ्नो पार्टीको घोषणा पत्र सार्वजनिक गऱ्यो। इन्दिरा बाइपासस्थित एसडीएफ मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा पार्टीका प्रवक्ताद्वय भीम दाहाल, के.टी ग्याल्छेन लगायत पार्टीका अन्य पदाधिकारीहरूको उपस्थितिमा घोषणा पत्र सार्वजनिक गरियो। पत्रकार सम्मेलनमा प्रवक्ता दाहालले समावेशी किसिमले सबै जात जातिलाई आरक्षण दिएर एसडीएफले चुनाउ आयोजन गराएको पाँचौपल्ट हुँदैछ। एसडीएफ गाउँ-गाउँमा प्रजातन्त्र स्थापित गर्न सक्षम बनेको दाबी गरे। एसडीएफ प्रत्येक चुनाउमा ठोस कार्यक्रम लिएर जाने गरेको र यसपाली पनि पार्टीले चुनाउलाई गम्भीरसित लिएर जनतासित सरोकार राख्ने विषयहरू घोषणा पत्रमा समावेश गरिएको बताए। उनले घोषणा पत्रमा समाष्टि विषयहरूलाई पार्टीका निर्वाचित उम्मेदवारहरूले अवलम्बन गर्नेछन् भने। उनले चुनाउ

▶रहल पाता २-मा